ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article


# शास्त्रीय संगीत : लैंगिक दृष्टिकोण

**विमलाकुमारी दास**
परामर्शदाता, नेपाल सरकार राष्ट्रिय योजना आयोग
इमेलः bimalakdas@gmail.com

**लेखसार**

संगीत कला मनलाई रंजित वा आनन्द दिने कला हो । संगीत मानव सभ्यताको अभिन्न अंग हो, जुन ध्वनि, लय, स्वर र तालको समागम वा संयोजन हो । लय, ताल, श्रुति, नाद हुँदै स्वरहरू मिलेर थाट अनि रागको स्वरूपको निर्माण हुन्छ । यही स्वरहरू नाप्ने विधि ताल र सांगितिक समयको समान चाल वा गति भनिने लयले संगीतलाई एउटा निश्चित रूपरे खामा अनुशासित गरी रंजक प्रदान गर्छ । यस विधामा संगीतको त्रिवेणी कहलिएका गायनकला, वाद्यवादनकला र नृत्यकलाको संगम रहेको छ ।

संगीत मानव जीवनका लागि अपरिहार्य हो । यो भावना व्यक्त गर्ने माध्यम हो जसमा अन्तर्मनले सोचेको सृजनात्मक प्रस्तुति मार्फत् संगीतमय वातावरण सिर्जना गरी श्रोतालाई आनन्दित बनाउँछ भने अर्कोतिर, कलाकार आफैं पनि एक प्रकारको आत्मिक संतुष्टि, मानसिक शान्ति, तनाव मुक्त, एकाग्रता एवं वैभवताको अनुभूति गर्दछ । प्रकृतिसँग नजिकिएर संगीतमय वातावरण सिर्जना गर्न होस् वा यस सृजनात्मक कलाको विकासमा महिला, पुरुष, यौनिक अल्पसंख्यक वर्ग, शारीरिक अपागंतासहित सबै जात जाति, धर्म, वर्ग, संस्कृति आदिको ठुलो यो गदान रहेको छ । लैंगिक दृष्टिकोणले नेपालमा संगीतको प्रकारजस्तै लोकगीत, शास्त्रीय संगीतको अवस्था, लैंगिक समानताका लागि सहजता वा असहजतामा के कस्ता अवस्था रहेको छ भन्ने विश्लेषण गरिएको छ । पितृसत्तामा आधारित गुरु शिष्य परम्परामा महिला, तथा अन्य वर्गहरूलाई सिक्न, सिकाउन देखिएका अप्ठ्याराहरूलाई केलाएर प्रस्तुत गर्नु यस लेखनको उद्येश्य रहेको छ । असमान यस अनुसन्धानात्मक लेखनको प्रयासले नेपालको सन्दर्भमा परापू र्वकालदेखि चल्दै आई रहेको परम्परागत अव्यवहारिक परिपाटीमा तार्किकताका साथ संवैधानिक र कानुनी संरचना बारे बुझ्न सहायक हुनेछ भन्ने आशा राखेकी छु ।

**शब्दकुञ्जि:** वाद्य, लैंगिक, पितृसत्ता, पुरुषवादी, महिलावादी, विधा, रंजक सीपमूलक, षाडव, औडव, सम्पूर्ण, सशक्तिकरण, सबलीकरण,

## संगीतको परिचय

संगीत गायन कला, वादन कला र नृत्य कलाको संगम हो । संगीतले मुख्यत; गायन,

 ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

वाद्य वादन तथा नृत्य विधाजस्तै लोक, शास्त्रीय तथा आधुनिक संगीतको क्षेत्रलाई समेटेर मानव जातिलाई रंजन (खुशी) प्रदान गर्नु साथै आत्मअनुभूति व्यक्त गर्ने माध्यमलाई ईंगित गर्दछ । मानव जीवनका अकाट्य पक्षहरू सुख र दुःख, वेदना, प्रेम आदि दर्शाउने अपरिहार्य विधा हो । यसले सबैलाई ऊर्जाशील बनाउँछ, आफूभित्र रहेको क्षमतालाई बाहिर प्रष्फुटन गरी व्यक्तित्त्व विकास गर्न सहायक बन्छ । विश्वविख्यात ग्रीक दार्शनिक प्लेटोको अक्षर कृति 'रिपब्लिका'मा उल्लेख गरिए अनुसार संगीत नैतिक अनुशासन हो, यसले सम्पूर्ण जगतलाई आत्मा, मष्तिष्कलाई पखेटा, कल्पनाका लागि उठान र जीवनका लागि खुशी प्रदान गर्दछ । (Music is a moral law; it gives soul to the universe, wings to the mind, flight to the imagination and life to everone. ) अध्यात्मिकरूपले भन्ने हो भने संगीतलाई आत्मा र परमात्माको मिलनको केन्द्र बिन्दु पनि मानिन्छ । भनिन्छ, संगीतको न कुनै भुगोल हुन्छ, न त कुनै सीमा नै हुन्छ । संगीतले सांसारिक गतिले हृदयबाट प्रस्फुटित भावलाई कलात्मताका साथ प्रस्तुत गर्दछ । यसले संसारका सबै मानिस, लिंग, जात, धर्म, क्षेत्र आदिको सीमा नाघी एउटै सुत्रमा बाँध्ने क्षमता राख्दछ । समग्रमा, संगीत भनेको मानव सभ्यताको अभिन्न अंग हो जसमा ध्वनि, स्वर, लय र तालको समानरूपले संयोजन भएको हुन्छ ।

संगीतले मानसिक शान्ति, तनाव मुक्ति, एकाग्रता, स्मरण शक्ति बढाउनुका साथै महिला (संसारिक जीवन चक्रको अभिन्न अंग वा एक रथका दुई पांग्रामध्येका एक पांग्रा) लाई सशक्त बनाउन संगीतको शक्तिलाई नकार्न सकिन्न । संगीतले महिला सशक्तिकरण र लैंगिक समानताका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ । यसले आफूभित्र रहेको गुणलाई सीपमा पणित गरी क्षमताको रूपमा प्रयोग गर्ने साधन पनि हो । संगीतको सानिध्यताले महिला वा किशोरीको आत्मसममान, आत्मनिर्भता था आत्म निर्णय लिने क्षमताको विकासले संसार अफ सुन्दर, मजबुत, शान्त र सुरक्षित महसुस गर्छन् ।

वैदिक कालदेखि विभिन्न परम्परागत प्रयोजनहरूमा संगीतको प्रयोग हुने गर्थ्यो भन्ने तथ्यहरू धार्मिक गाथा, पुस्तकहरूमा प्रशस्तै पाइन्छ । चार वेदहरू ऋगवेद, शामवेद, यर्जुवेद, र अथर्ववेदमध्ये शामवेदलाई संगीतको क्षेत्रमा महत्त्वपूर्ण मानिन्छ । वैदिक मन्त्रहरूको पाठ संगीतमय हुन्छ जसलाई सामगान भनिन्छ । (ठाकुर जयदेव सिंह, २०१६)

संगीत शिक्षा शुरुवातमा गुरु शिष्य परम्पराबाट शुरु भएको थियो । प्रायजसो घरबाट बाहिर गुरुको सानिध्यमा सिक्ने भएकोले छोरालाई संगीतको शिक्षा दिइन्थ्यो । पितृसत्ताले जरा गाडेको समाजमा महिला घरको काममात्र गर्ने र पुरुषलाई बाहिर पठाउने, शारीरिक, मानसिक, आर्थिकरूपले सबल बनाउन उचित र चाहिने शिक्षा दीक्षा दिई उपलब्ध गराउने परम्परा थियो । गुरु भनेपछि पुरुष हुने सोच र चलन पनि थियो । यद्यपि संगीत शिक्षाकी देवी सरस्वती माता

हुन्, सिद्धि प्रदान गर्ने सिद्धिदात्री पनि देवी नै हुन् । शास्त्रीय संगीतमा लैंगिक भिन्नता प्रष्टरूपमा देखिन्छ । लैंगिक दृष्टिकोणले हेर्दा एक्काइसौँ शताब्दिको लोकतान्त्रिक समाजमा निकै चुनौतिपूर्ण मूद्दा रहेको देखिन्छ । यसले सबैको समानता, समान उत्तरदायित्त्व, सशक्तिकरण, सबलीकरण र सहभागितालाई समेट्छ । मानवीय शारीरिक संरचनाअनुसार सामाजिक व्यवस्थाको निर्माण भएको छ, जसको प्रत्यक्ष प्रभाव महिला र पुरुषबिच पर्न जान्छ । जेन्डर रोल वा लैंगिक व्यवहार, भूमिकाले सबभन्दा पहिले दैनिक जीवनमा अनिवार्यरूपले निर्वाह गर्नुपर्ने कामको बोझलाई आयमुखी र सेवामुखीको रूपमा लिएका छन् । प्रकृतिको वरदानस्वरूप प्रजनन् शक्तिसँगै अवैतनिक सेवामुखी कार्यभार, परिवारको हेरचाह, आधारभूतरूपमा महिलासँग जोडिएको हुनाले घरभित्रको जिम्मेवारी वहन गर्नुपर्ने बाध्यताका कारण पुरुषसरह स्वतन्त्रता, समान व्यवहार, र अवसरमा फरक पाइएको छ । यही सेवा प्रदायक, अवैतनिक सेवा प्रदान गर्ने सीपमूलक उच्च शिक्षा, तालिमदेखि लिएर संगीत, कलाकौशल सम्बन्धी ज्ञान प्राप्तिबाट पनि वंचित भए । सामान्यतया, शास्त्रीय संगीत सामाजिक संरचनागत असमानताका कारण पुरुषप्रधान समाजमा पुरुषहरूको वर्चस्वता देखिन्छ तर अन्य व्यवशायजस्तै यसमा पनि उच्च स्तरको लैंगिक विभेद पाइन्छ । कतिपय महिलाहरू गुरु वा घरको सहयोग विना अगाडि बढ्न नसकेको तथ्य हाम्रोसामु छर्लङ्ग छ । थोरै महिलाहरू आफनो सीप, क्षमताको विकास गरी माथि उक्लन सफल भएका छन् । हाम्रो पितृसतात्मक संर चनामा महिला संगीतकर्मीहरूको जीवन र पेशामा प्रभाव परिरहेको अन्य उदाहरणहरू पाइन्छन् । केही महिला संगीतकर्मीहरू अप्ठ्यारा बाटाहरूलाई पार गर्दै केही हदसम्म शीर्षस्थ स्थानमा पनि पुगेका छन् । प्रतिष्ठित संगीतका घरानाहरूमा पुरुष शिष्यहरूका लागि आरक्षित रहेको देखिन्थ्यो । (चैटर्जी वर्षा, वुमन ईन द फिल्ड अफ क्लासिकल म्युजिक ईन ईन्डिया, १५ अगस्त, ५, २०२४)।

हाम्रो समाजमा विद्यमान रहेका धार्मिक धार्मिक, सांस्कृतिक, जातिय, क्षेत्रिय वा लैंगिक कुरीतिहरूलाई चिर्दै सामाजिक कुरीति, रुढिवादीहरूलाई पनि गीत, संगीत र धुनहरूको प्रदर्शनद्वारा अन्य महिलालाई पनि प्रोत्साहन गर्दछ । लैगिक दृष्टिकोणले हेर्नु पर्दा शदियौँदेखि आन्दोलन होस्, वा स्वतन्त्रताका लागि लड्ने जमातदेखि पारम्परिक संस्कृतिलाई बचाउने अभियानमा महिलाको अवान्छनीय उपस्थिति रहेता पनि उनी असमानताको खाडलमा परेको देखिन्छ । संगीतमा महिलाहरूको उपस्थिति वैदिक एवं परापूर्व कालदेखि नै संगीतको आयोजन, अवसर वा सांगितिक गतिविधिहरूमा रहने प्रचलन रहेको देखिन्छ । नेपालको पहिला गायिका मेलवादेवी गुरुङ, र रेडियो नेपालका पहिलो गायिका रानुदेवी अधिकारीको सांगितिक यात्राबाट प्रष्ट हुन्छ । संगीतको माध्यमले स्वतन्त्रता, ऐक्यबद्धता, यौनिकता र साहसीजस्ता विषयवस्तुहरूलाई समावेश गरेको पाइन्छ । यसरी महिलाहरूमा चार गुना बढी, असिम क्षमता रहेको भन्ने कुरा हाम्रो इतिहासले पनि प्रमाणित गरेको पाइन्छ ।

वैदिक कालमा यज्ञको समयमा ऋषि पत्नीहरूले वीणा वादन गर्थे भन्ने उललेख पाइन्छ ।

नेपालको इतिहासको चर्चा गर्दा लिच्छविकालमा राजा मानदेवकी श्रीमती भोगिनीलाई वीणाको जस्तो स्वर भएकी र आफना छोरी विजयावतीलाई सर्वकला सम्पन्न बनाएका थिए । (रेग्मी, ध्रुवेशचन्द्र, २०८०)

त्यस्तै लिच्छवि आरती धूमधामसँग गर्ने चलन थियो । आरती गर्ने समयमा देवदासी र अन्य महिलाहरू नृत्य समेत गर्थे । शाह कालमा पनि प्रसिद्ध देवस्थल, मूर्तिहरू समक्ष भक्तिपूर्वक गाथा गाइने, नृत्य गर्ने चलन रहेको दस्तावेजहरूमा पाइन्छ । यही परम्पराहरूलाई अँगाल्दै विभिन्न क्षेत्रका साथै मधेसमा पनि पूजनआजनमा मन्दिर र घरको दैनिक पूजामा सामूहिक भजन, कीर्तनका साथै विवाह, व्रतबन्ध वा अन्य शुभ अवसरहरूमा महिलाहरको सहभागिता रहेको तथ्य पाइन्छ ।

संगीत जगतमा जेन्डर पर्सपेक्टिभ (Gender Perspective) ले हेर्ने हो भने संगीत र महिलाको यो सृष्टि संचालनमा गहिरो र अविभाज्य सम्बन्ध छ । विश्व शान्तिका लागि होस् वा युद्ध शुरुआतमा होमिएका वीरयोद्धाको मनोबल तथा शारीरिक सुखशान्तिका लागि गीत, संगीतद्वारा रंजित पारेर ऊर्जा, शक्ति प्रदान गर्ने होस् वा दरवार, महलमा राजा महाराजाहरूलाई आफनो कार्यबोझको तनावबाट मुक्ति दिलाउन मनोरंजनका लागि महिलालाई संगीत (शास्त्रीय संगीत) मा प्रवेश गराइयो ।

मुगलवंशतिर (१६ औं शताब्दितिर) महिलालाई मनोरञ्जनको पात्रको रूपमा राख्ने गर्थे । मुसलमानी त्वाईफ संस्कृतिमा बहुसंख्यक महिलालाई पर्दाभित्र राखिन्थ्यो । उस्तै प्रकारको सामाजिक, सांस्कृतिक मञ्चमा पुरुष खुल्लारूपमा तर महिला पर्दा पछाडिबाट सवाल जवावको संरचनामा आफनो कलाकारिता प्रस्तुत गर्नु एक चुनौतिपूर्ण कार्य हो । यहीबाट प्रत्यक्षरूपले विभेद, असमानताका खुड्किलाहरू देखिन्छ । त्यसताका नवाव, जमिनदारहरूका लागि पुरुषहरूलाई सहजै संगीतमा शिक्षा हासिल गर्न अवसरहरू प्राप्त हुन्थे जसको फलस्वरूप ध्रुपद, धमार र ख्यालका विशेषज्ञहरू निस्के र सेमी क्लासिकल, रागमा आधारित ठुमरी, दादरा, कजरी, चैती आदिका विशेषज्ञहरू पनि निस्के । यस्ता पुरुषप्रधान सांगीतिक माहौलमा पनि केही महिला संगीतकर्मीहरू जीवनका अप्ठ्यारा बाटोहरूलाई पार गर्दै महिलाहरू केही हदसम्म उदाहरणीय उच्च स्थान प्राप्त गरेका छन् । संगीत एक प्रकारको साधना हो, तपस्या हो । यसमा सिद्ध हासिल गर्न समय, अथक परिश्रम, धैर्य, आर्थिक रूपले सशक्त, स्वतन्त्र तथा पारिवारिक सहयोग विना हाम्रो सामाजिक, आर्थिक तथा परम्परागत सांस्कृतिक परिवेशमा एउटा महिलाले यस प्रतिस्पर्धात्मक वातावरणमा प्राप्त गर्न निकै असहज, कठिन कार्य हो । समय, समर्पणको अभावमा अनवरतरूपमा रियाजको अभावमा यस व्यवसायमा सफलता प्राप्त गर्न र एउटा पुरुषलाई माथि उल्लेखित समस्याहरूको कतारको घेराले प्राय छुँदैन जसको फलस्वरूप संगीतमा महिलाले विभिन्न किसिमका वाधा, गतिरोधको सामना गर्नुपर्ने हुन्छ । उस्ता कुरीतिहरू, दुषित, कलुषित समाजमा केही महिलाहरू

ISSN: 2990-7950 (Print) **Achyutram Bhandari Sangit Pratisthan Aalekh, Vol. 3, Issue 1**
Peer Reviewed Research Article

उच्च वर्गका कलाकार बन्ने अवसर प्राप्त भयो । यही विभेदपूर्ण वातावरणलाई चिर्दै भारतमा अन्नपूर्णदेवी, नेपालमा मेलवादेवी, रानुदेवी अधिकारीको जन्म भयो । मेलवादेवीको भोगाई पितृसत्तात्मक, पुरुष प्रधान समाजको उदाहरण नै हुन् । त्यस्तै राणशासन कालको बन्देजपूर्ण अवस्थामा गीत संगीतको माध्यमले दमन विरुद्ध स्वतन्त्रता, देशभक्ति भावना जगाउन रानुदेवी अधिकारीको योगदान अस्मिरणीय छ । प्रायः जसो महिला संगीतकर्मीहरूको कुनै खास अवसर, नारी दिवस, दशैं, वा नारी शक्तिको रूपमा मनाइने नवरात्रमा महिला कलाकार, संगीतकर्मीहरूको बाक्लो उपस्थिति देखिन्छ । Long unsung and marginalized Indian women persuasions are finally making themselves heard. " ( L Shreram., 2018)

राणाशासनताका राणा परिवारलाई पनि मनोरंजन गराउने उद्देश्यले महिलालाई औपचारिकरूपमा संगीतको तालिम दिने गरिन्थ्यो । भारतबाटै प्रशिक्षक झिकाई तालिम दिन दरवारमा मै राखिन्थ्यो । राणा र शाहदरवारका अतिरिक्त भाइभारदार तथा गुरुहरूका घरमा समेत यस्ता तालिमेहरू राख्ने प्रचलन थियो । गायनमा ठूली हसिना, सानी हसिना, मेलवादेवी गुरुङ, नीरकमल पाण्डे, सितारमा मूलका, सुनगाभा, मानप्रिया डिठ्ठीनी आदिलाई विशेषरूपमा लिन सकिन्छ । यस्ता गहकिला तथ्यहरू हुँदाहुँदै लिंगकै आधारमा दैनिक कार्यभारको वर्गीकरण र असंतुलित बाँडफाँडले गर्दा परिवेश, सोच, क्षमता र प्रस्तुतिमा पनि फरक देखिन्छ । घरभित्रको सेवामुखी र अनुत्पादनशील भूमिका निर्वाह गर्नुपर्ने बाध्यताका कारण खासगरी शास्त्रीय संगीतमा महिलाको प्रतिनिधित्व वा उपस्थिति न्यून रहेको पाइन्छ ।

नेपाली शास्त्रीय सांगितिक जगत्लाई नियालेर हेर्दा वि.सं.२००७ सालको प्रजातन्त्र आएपछि विशेषगरी संस्थागतरूपमा संगीत शिक्षा प्रणालीको आरम्भ भएको बुझिन्छ । हुन त गीत संगीत, नाट्यकला आदि मल्लकालमा पनि प्रचुर मात्रामा भएको पाइन्छ । शाह, राणा र त्यसका भाइभारदारहरूले आफनो मनोरंजनका लागि दरवारमा वाद्य, नाच, गीत तथा अभिनयको तालिम दिएर राख्ने चलन थियो । तर जतिसुकै प्रतिभावान भएपनि यी तालिमे केटीहरू दरवारको चार पर्खालभित्रमात्र सीमित हुन्थे । दरवारभन्दा बाहिरका आममहिला पनि आफनो स्थानीय समाजका अतिरिक्त कुनै पनि सांस्कृतिक, सांगितिक सभासमारोहरूमा सहभागिता जनाउँदैन्थे । नृत्य, नाटक आदिमा महिला पात्रको भूमिका पनि पुरुषले नै गर्ने प्रचलन धेरैपछिको समयसम्म थियो ।

नेपालमा कुल जनसंख्याको आधाभन्दा बढी भाग महिलाले ओगटेको अवस्थामा शास्त्रीय संगीतमा महिलाको प्रतिनिधित्व र उपस्थिति ज्यादै न्यून रहेको देखिन्छ । यस्तो न्यून अवस्था हुनुको कारण समाजमा विद्यमान पितृसत्तात्मक सामाजिक संरचना र सोहीअनुरूप सामाजिक मूलयमान्यता भएको पाइन्छ । संगीत मानव समाजको मानवीय सिद्धान्तको विपरित असमानता, विषमताको परिस्थिको सृजना हुन्छ जसले संगीतको स्वरूपलाई पनि प्रभावित पारेको देखिन्छ

। यही भिन्नताको असर रागरागिनीको निर्माण, नामकरण, गायकीमा पनि प्रष्टरूपमा देखिन्छ । प्राकृतिकरूप मै महिला र पुरुषबिचको संरचनागत फरक शास्त्रीय संगीतका रागहरू बारेको आख्यान, अध्ययन तथा वर्गीकरणमा उजागर भएको पाइन्छ । संगीत मकरन्द ग्रन्थका रचयिता नारदले रागरागिनीलाई लैंगिक प्रकृतिअनुसार स्त्रीलिंग, पुलिंग र मध्यवर्ती वा तटस्थ रागमा विभाजन गरेको पाइन्छ । रागरागिनीहरूमा महिला र पुरुषको अवधारणा बारे व्याख्या, विश्लेषण मध्यकालदेखि भएको भन्ने विभिन्न लेख, प्रकाशनहरूमा पाइन्छ । शिवमत वा सोमेश्वरमतका अनुसार ६ वटा पुरुष रागहरूको ३६ वटा रागिनीहरू रहेको भन्ने उल्लेख पाइन्छ । लोचन कविले ती ६ रागहरू - भैरव, मालकौंस, हिंडोल, दीपक, श्री र मेघ मल्हारका ३६ रागिनीहरू श्रीमतीको रूपमा रहेको भन्ने यल्लो गरिएको छ । (राग तरंगिनी, कवि लोचन) पुरुषको शारीरिक बल, सक्षमता झल्किने रागहरूजस्तै भैरव, दरवारी, मेघ मल्हार, श्री, बसन्त, मिंयाकी तोडी, आदि छन् भने नरम, कोमल, तथा सौन्दर्य प्रदान गर्ने रागहरू जस्तै मालकौंस, विहाग, कल्याणी, रंजिनी, खमाज आदि रहेका छन् । त्यस्तै पहिलो महिला देवी पार्वतीको लास्यनृत्यबाट उत्पन्न कौशिकी रागलाई मानिन्छ ।

एक प्रसिद्ध महिलावादी लेखिका शेरी ओर्टनरले आफ्नो लेखमा  महिलालाई प्रकृति तथा पुरुषलाई संस्कृति भनेर तुलनात्मकरूपमा तर्कहरू प्रस्तुत गर्नुभएको छ ।। (*Is Female to male as nature Is to Culture?, Sherry B. Ortner, 1972, published by Feminist Studies Inc)* हुन पनि हो, प्रकृतिमा जहिलेपनि सबैलाई समाहित गर्ने, नरम, कोमल, सौन्दर्य, प्रेम, अनि माया ममताले परिपूर्ण हुन्छ भने पुरुषको बाहुल्यता, पौरुषत्त्व र कर्मठता भनौं वा शारीरिक शक्तिको प्रयोग र उपयोगीता संगीतमा पनि स्पष्टरूपमा देखा पर्दछ । मार्टिन लुथर किंगको भनाई “संगीत अनुशासन र राम्रो आचार व्यवहारको जननी हो जसले मानिसलाई नरम, बढी नैतिकतावान र तार्किक बनाउँछ ।” (*Music is a discipline, and a mistress of good manners, she makes the people milder and gentler, more moral and more reasonable,  Speech given by Martin Luther, the King. Recited his speech in program in Sacred Hart Church in Trenton on The king and his love of music, 20 jan, 2025)* समग्रमा महिलाको कोमल मनबारे भन्नुपर्दा जेहोस्, यो अन्तरमनको भाषा हो । हरेक व्यक्तिको आन्तरिक भावलाई व्यक्त गरी बाहिर ल्याई, अरुलाई मनोरंजन गर्ने गराउने साधन हो । यसरी मानव शरिरले अनुभूति गरे अनुसार संगीत र संगीतज्ञहरूको सोच, व्यवहार र लैंगिक भिन्नतासहितको विधिविधान तयार पारिएको देखिन्छ । शास्त्रीय संगीतमा व्यवहारिकरूपमा शारीरिक संरचनाका कारण लैंगिक असमानता वा भिन्नता प्रष्टै देखिन्छ । रागहरूलाई अनेकौं  शीर्षकमा समानरूपले शब्दावलीभित्र राख्नुपर्दछ हुन्छ । जस्तै शाडव, औरव, सम्पूर्ण आदि । गीत, संगीतजस्तै नृत्यमा पनि शक्ति, बल, बाहुल्यताको झलक पाइन्छ । शिवजीको तान्डव नृत्य र पार्वतीको नरम, ऋृषिमुनीलाई प्रलोभनमा पार्न मेनकाको

नृत्यमा पुरुषत्व र समाजले महिलालाई जुन नजरले हेर्छन्, त्यसै स्वरूपको नृत्यको अपेक्षा पनि गरी राखेका हुन्छन् ।

लैंगिक भिन्नताबारे समाजशास्त्रीहरू दुई धारमा विभाजित प्रतिपादित सिद्धान्तहरूलाई प्रमाणित गर्न तार्किक विश्लेषण गरेको भेटिन्छन् । एउटा, समाजले छुट्टै दुई विपरित लिगिंहरूलाई रूपरेखा खिंचिएिका छन् । यही मान्यतालाई अनुसरण गर्नुपर्ने हुन्छ । अर्को, शारीरिक संरचनाको आधारमा फरक धारको सोच, विचार, मूल्यमान्यता तथा कार्य देखिन्छ । सामाजिक संरचनागत धारणाअनुसारको सोचाईको धार र शरीरिकरूपमा देखिएको भिन्नताअनुसार देखिन्छ । खासमा भन्ने हो भने, लैंगिक असमानताको सूत्रधार शारीरिक संरचना नै हो । सन् १९६०को दशकमा प्रख्यात मनोविश्लेषक तथा मानव विकास बारे सिद्धान्तका प्रतिपादक डा. सिगमण्ड फाइडले महिलालाई शारीरिकरूपले कमजोर वर्गको संज्ञा दिनुभएको छ । त्यसलाई आधार मानेर महिलालाई प्रकृतिसँग दाँजेर नरमपन, कोमलता, विशालताको पर्यायवाचीको रूपमा लिनुभएको छ । यी सबै सैद्धान्तिक तर्कहरूबाहेक अकाट्य र सबैले मनन गर्नै पर्ने के रहेछ भने उत्पादनशील, जहाँ व्यक्तित्त्वको विकास गर्ने ठाउँमा पुरुष र जीवन निर्वाह गर्न कार्यहरूमा महिलालाई जोडिएको छ । प्रकृतिले दिएको गुण भनौं  वा क्षमता, बच्चा जन्माउने महिलामा रहेको हुनाले त्यससँगै लैंगिक असमानता जोडिएको छ । बच्चा जन्मदिने, हेरचाह गर्ने जिम्मेवारी आधारभूत रूपमा महिलासँग गाँसिएको कारण्लले घरभित्रको जिम्मवारी वहन गर्नुपर्ने वाध्यताका कारणले पुरुषसरह अवसर व्यवहारमा फरक पर्न गयो । प्राकतिक रूपमा कोमल, नरम, ममतामयी व्यवहारका कारणले सेवामूखी, अनुत्पादक कार्यबोझका कारण संगीतमा पनि समान अवसरबाट वंचित हुनुपरेको छ ।

**निष्कर्ष:**

सामाजिक विशेषज्ञ, समाजशास्त्री ताल्कोट पार्सनले ढुंगेयुगको व्यवहारिक, यर्थाथरूपी समानतापूर्ण परम्परालाई पछ्याउँदै समानताको सिद्धान्त प्रतिपादित गरे । यिनको भनाईअनुसार यो सृष्टिको चक्रिय प्रणालीलाई प्राकृतिक रूपले गति दिन महिलाले घरभित्रका काम र पुरुषले बाहिर गई आय आर्जनको कार्यमा लागि सबै व्यवस्था मिलाउनुपर्ने हुन्छ । जहाँसम्म समानताको कुरा छ, घरभित्रका अनुत्पादनशील कार्यहरू पनि त्यतिकै महत्त्वपूर्ण छ । महिलाले घरपरिवारमा सबैको सेवा सुश्रुषा गरी (केयर गिभिंग) गतिलो दोस्रो पुस्ता तयार पार्नु पनि अत्यन्तै महत्त्वपूर्ण कार्य हो । प्राकृतिक, शारीरिक बनोट (Biology) हो वा त्यसको आधारमा सामाजिक विगतमा समय र परिस्थितिको मागअनुसार महिला र पूरुषको छुट्टाछुट्टै विभाजित गरिएको भुमिका सहज देखिए तापनि वर्तमान समयको बदलिंएको समय, विश्वव्यापीकरण, उत्तर आधुनिकवादतिर लम्किरहेको समयको माग, परिस्थतिका साथै महिलाको शारीरिक दुर्बलतालाई सक्षमता अव्वलतामा परिवर्तित भई रहेको परिवेशमा पुरुषसरह महिला पनि प्रतिभावान रहेको प्रमाणित तथ्य विभिन्न कालखण्डमा  भएको अध्ययन, अनुसन्धानले देखाएको छ । समाज परिवर्तनशील छ । समयानुसार

मानिसको स्वभाव, सोच, जीवनशैली, र शिक्षादिक्षाको प्रभावले प्राकृतिक होस् वा सामाजिक परिवेशमा संगीत क्षेत्रमा महिलाको योगदान तुलनात्मक रूपमा कमै भएपनि महत्त्वपूर्ण स्थान प्राप्त गर्न सफल भएका छन् । पहिलो महिला तवला वादिका कमला प्रधान, त्यसपछि सुमित्रा श्रेष्ठ, सरीता मिश्र रहेको पाइएको छ । गायनतिर शकुन्तला प्रधान, वीणा के.सी. प्रधान, शोभा लोहनी (लोक गागिका), प्रा.डा. वेनी रावल जंगम, सरोजिनी तन्डुकार, संगीता प्रधान, ज्ञानु राणा (लोक र आधुनिक गायिका), सरोदमा एउटैमात्र महिला रूपा न्यौपाने हुन् भने सितारमा उमा थापा, सुशीला अमात्य, मनोरमा रौनियार, ज्ञानुराधा गोर्खाली, पूर्णिमा रौनियार, लक्ष्मी राणा, डा. अन्जु उप्रेति आदि । त्यस्तै नेवारी वाजा धिमे, खि बजाउने इन्दिरा लाछिमस्यु, बाँसुरीमा अमृता उप्रेति, एजु आचार्य, तिलस्मि प्रजापति, सारंगीमा अरुणा गन्धर्व, वर्त गन्धर्व आदि रहेका छन् ।

यस्ता तथ्यहरूसँगै हाम्रो संविधान प्रदत्त महिलाको अधिकारलाई पूर्णरूपेण व्यवहारिक तवरमा कार्यान्वयन गर्न र नेपालको जनसंख्याको आधाभन्दा बढी भाग ओगटेको महिलाको शास्त्रीय संगीतमा पनि अवसरमा पहूँचका लागि प्रचारप्रसारमा चेतना हुनु आवश्यक रहेको देखिन्छ । सशक्तिकरण योग्यता र अधिकार प्राप्त गर्नु एक प्रक्रिया हो जसले गर्दा आफू र आफ्नो वरिपरी रहेका सबैभन्दा पहिला हाम्रो दिमाग र सोचमा रहेको विभेदको पर्खाल भत्काउनुपर्दछ । विश्वव्यापी मानव अधिकारको घोषणा पत्र र नेपालको संविधानको मौलिक अधिकारजस्ता आधार स्तम्भलाई टेकेर हेर्ने हो भने स्वतन्त्रता, समान सहभागिता, समताको खुडकिलो टेकी समानता र समावेशिताको सिद्धान्त अपनाई सर्वसत्तावादी, संकीर्णताबाट बाहिर निस्किएर हाम्रो सनातनी परोपकारी दर्शन 'वहुजन हिताय वहूसूखाय च'को नीति अवलम्वन गर्नुपर्दछ ।

## सन्दर्भ सूची

१. Plato, The Republic, translated with notes and interpretive essay by Allan Bloom, basic Books, 1968. Second edition: Basic Books, 1991

२. ठाकुर जयदेव सिंह, स भारतीय संगीतका इतिहास, हिन्दि एडिसन, २०१६

३. Chattaraj, Barsha; p- 1; Women in the field of classical Music in India, August 4, 2024 , published by Center for Development and Policy Practice 9CDDP

४. Luther, Martin, the King ; a speech at an event on The Civil Rights Movement, August 28, 1963,:

५. Narad; Sangeet Makarand, written in 1100 CE (Common Era)

६. Ortner, Sherry B; Is Female to male as nature Is to Culture? ; an article published by Feminist Studies Inc, 1972,

7. Ortner, Sherry B; Is Female to male as nature Is to Culture? ; an article published by Feminist Studies Inc, 1972,

८. रेग्मी, ध्रुवेशचन्द्र, पृ नेपाली संगीत दरवार, आदिकाल देखि आधुनिक कालसम्म

9. Sreeram. L, Annapurna Devi's Life and #Me Too reflect Patriarchy's stranglehold on the world of Indian classical music; 2018, 25 Oct, published by the FirstPost, 2024

१०. श्रेष्ठ चन्दन कुमार, पृ ६३, राग रागिनी पद्धति, संगीत स्वराधना, प्रकाशक सांग्रीला, काठमान्डौं

11. Freud Sigmund; Anatomy id Destiny; The passing of the Oedipus Complex, Collected papers, Vol.II, 274; Hogarth, London, 1924:

12. Lectures Introductory Analysis on Psycho The Standard Edition of the Complete Psychological Works of Sigmund Freud; Published by the Hogarth Press, 1 January 1963

13. Poudel, Parashuram Prasad ; Women Tabla players and Challenge in Nepal; TU journal/ archives /Vol 36 No.01(2021)

14. Nepalese Constitution; The articles 24, 38, 40 and its preamble, Government of Nepal, 2015

15. Raag Tarangini; Lochan Kavi Jha; published in the 15th Century